# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०५।२८ गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।

------------------------------------------------------------------

अध्यागमन विभाग, कालिकास्थानमा कार्यरत नायब सुब्बा कोषराज भट्टराईले भिसा एक्सटेन्सन गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निजलाई रु. ४०,०००/- (चालिस हजार) घुस रकम लिंदै गर्दाको अवस्थामा कालीमाटी, काठमाडौंबाट घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता